"स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बूढानीलकण्ठ"
टोल फ्रि नं. १६६००१०००३२
फोन नं. ०१-४३७२७२५
बूढानीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हात्तीगौडा, काठमाडौं
बागमती प्रदेश, नेपाल

सूचना नं. ६०

# प्रस्ताव आह्वान सम्बन्धी सूचना

प्रकाशन मिति : २०७८।०१।०८ गते

यस आर्थिक वर्ष २०७७।०७८ मा प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (सशर्त अनुदान) तर्फ अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुर्नस्थापना (सी.बी.आर.) सहयोग कार्यक्रम अपाङ्गताको क्षेत्रमा काम गर्ने संघ संस्थाको साझेदारीमा संचालन गर्नु पर्ने भएकोले प्रदेश सामाजिक विकास मन्त्रालयबाट प्राप्त **स्थानीय तहमा विनियोजित सशर्त अनुदानको बार्षिक कार्यक्रम कार्यान्वयन मार्गदर्शन २०७७।०७८** मा उल्लेख भए बमोजिम कार्यक्रम संचालन गर्नका लागि देहाय बमोजिम सिलबन्दी प्रस्ताव पत्र पेश गर्न हुन सम्बन्धित सबैमा यो सूचना प्रकाशन गरिएको छ ।

- संघ संस्था दर्ता ऐन बमोजिम दर्ता भई अपाङ्गताको क्षेत्रमा काम गरि रहेका संस्थाहरुले मिति २०७८।०१।२२ गतेका दिन दिउंसो १.०० बजे भित्र यस नगरपालिकाको महिला बालबालिका तथा समावेशीकरण शाखामा तोकिएको ढांचामा सिलबन्दी प्रस्ताव पेश गर्न सक्नेछन। प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिनको १.०० बजे भित्र प्रस्ताव पेश गर्न सकिने छ । सोही दिन दिउंसो २.०० बजे प्राप्त प्रस्तावहरु खोलिने छ ।
- अपाङ्गताको क्षेत्रमा काम गरेका, प्रचलित कानुन बमोजिम प्रस्तावपत्र पेश गरी कार्यक्रम गर्न योग्य सम्भव भए सम्म यस नगरपालिका भित्र कार्यरत न भए काठमाण्डौ जिल्लामा कार्यरत संस्थाहरुले यस कार्यक्रमका लागि प्रस्तावपत्र पेश गर्न सक्नेछन।
- संस्था छनौट तथा कार्यक्रम संचालन **स्थानीय तहमा विनियोजित सशर्त अनुदानको बार्षिक कार्यक्रम कार्यान्वयन मार्गदर्शन २०७७।०७८** बमोजिम हुनेछ ।
- विस्तृत जानकारीको लागि नगरपालिकाको **महिला बालबालिका तथा समावेशीकरण शाखामा** सम्पर्क राख्नु हुन समेत अनुरोध छ ।

राजेन्द्र ... कार्की
प्रमुख प्रशासकीय अधिकृत

“स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बूढानीलकण्ठ”
टोल फ्रि नं. १६६००१०००३२
फोन नं. ०१-४३७२७२५
बूढानीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हात्तीगौडा,काठमाडौं
बागमती, प्रदेश, नेपाल

सूचना नं. ६०

## दरखास्त साथ अनिवार्य रुपमा पेश गर्नु पर्ने कागजात

- कार्यक्रम संचालनका लागि नगरपालिका बाट प्राप्त हुने बजेट रु.३००००० (तीन लाख ) र प्रस्तावित कार्यक्रम संचालन गर्ने संस्थाको तर्फबाट व्योर्होने स्रोत समेतको आधारमा तयार गरिएको प्रस्ताव ।
- पेश गरेको प्रस्ताव संस्थाको संचालक समितिबाट स्वीकृत गरिएको निर्णयको प्रतिलिपि ।
- संस्थाको विधान, संस्थाको प्रशासनिक र आर्थिक नियमावलीको छायाकपी ।
- संस्था दर्ता र नविकरण प्रमाणपत्र, समाजकल्याण परिषदको आबद्धता प्रमाणपत्र, स्थायी लेखा नं दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाण को छायाकपी
- गत वर्षको बार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन ।
- संस्थाको भौतिक अवस्था र जनशक्ति (तलबी )को अवस्था दर्साउने कागजात
- अपाङ्गताको क्षेत्रमा काम गरेको अनुभव सम्बन्धि कागजात ।
- संस्था यस नगरपालिका भित्र कार्यरत रहेको प्रमाण ।
- विगतमा नगरपालिकाबाट लिएको अनुदान बेरुजु नरहेको स्वघोषणा पत्र ।

कार्की
प्रमुख प्रशासकीय अधिकृत